1ST of Dec 2025

यो आकाशवाणी हो

समाचार

मुख्य समाचारहरुबाट

- संसदको शीतकालीन सत्र आजदेखि सुरु; यस सत्रमा 19 दिनको अवधिमा जम्मा 15 बैठकहरू सञ्चालन हुने
- एसआईआर लगायतका मुद्दामा विपक्षी दलको हंगामापछि आज लोकसभाको कार्यवाही दिनभरका लागि स्थगित
- भारत आर्थिक र वैश्विक दुवै क्षेत्रमा तीव्र गतिमा अघि बढ्दै गई रहेको राष्ट्रपतिको भनाई
- दिल्लीको आईजीआई विमानस्थल 'वाटर–पोजिटिभ' दर्जा पाउने देशको पहिलो एयरपोर्ट

समाचार विस्तारमा

संसदको शीतकालीन सत्र आजदेखि सुरु; यस सत्रमा 19 दिनको अवधिमा जम्मा 15 बैठकहरू सञ्चालन हुने

संसदको शीतकालीन सत्र आजदेखि सुरु भएको छ। यस सत्रमा 19 दिनको अवधिमा जम्मा 15 बैठकहरू सञ्चालन हुनेछन्।
आज पहिलोपटक राज्यसभाको अध्यक्षको भूमिका सम्हालनुभएको सी पी राधाकृष्णनको स्वागत गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले भने कि श्री राधाकृष्णनको साधारण पृष्ठभूमिबाट उपराष्ट्रपति पदसम्मको यात्रा देशको लोकतन्त्रको शक्ति देखाउने उदाहरण हो। उहाले सांसदहरूका लागि यो स्वागत गर्वको क्षण भएको बताउनुभयो। श्री मोदीले थप भन्नुभयो

## एसआईआर लगायतका मुद्दामा विपक्षी दलको हंगामापछि आज लोकसभाको कार्यवाही दिनभरका लागि स्थगित

विभिन्न राज्य तथा केन्द्रशासित प्रदेशमा मतदाता नामावलीको विशेष गहन पुनरावलोकन (एसआईआर) लगायतका मुद्दामा विपक्षी दलको हंगामापछि आज लोकसभाको कार्यवाही दिनभरका लागि स्थगित गरिएको छ।

दोस्रो स्थगनपछि जब दिउँसो 2 बजे कार्यवाही पुनः सुरू भयो, वित्तमन्त्री निर्मला सीतारामनले मणिपुर सेवा कर (दोस्रो संशोधन) विधेयक, 2025 सदनमा प्रस्तुत गर्नुभयो। यो विधेयकले मणिपुर जीएसटी ऐन, 2017 मा संशोधन गर्ने उद्देश्य राख्छ। विपक्षको नाराबाजीबीच विधेयक ध्वनिमतका आधारमा पारित भयो।

पहिलो स्थगनपछि दिउँसो 12 बजे बैठक सुरु हुँदा पनि विपक्षी सांसदहरूले एसआईआर लगायतका विषयमा नाराबाजी गर्दै सदनको मध्यभागमा पुगे। त्यसैबीच सरकारले केंद्रीय उत्पादन शुल्क (संशोधन) विधेयक, 2025 र पान मसला जस्ता विशेष वस्तुमा उपकर लगाउने स्वास्थ्य सुरक्षा तथा राष्ट्रिय सुरक्षा उपकर (सेस) विधेयक, 2025 पनि पेस गर्‍यो।

विपक्षी हंगामा जारी रहँदा पीठासीन अधिकारीले सांसदहरूलाई सदनको कार्यवाही चलाउन आग्रह गर्नुभयो। तर स्थिति स्थिर नहुँदा बैठकलाई दिउँसो 2 बजे सम्मका लागि पुनः स्थगित गरियो।

यसअघि बिहान 11 बजे बैठक सुरु हुँदा लोकसभा अध्यक्ष ओम बिर्लाले सदनका पूर्व सदस्यहरूको निधनप्रति शोक व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो

## भारत आर्थिक र वैश्विक दुवै क्षेत्रमा तीव्र गतिमा अघि बढ्दै गई रहेको राष्ट्रपतिको भनाई

राष्ट्रपति द्रौपदी मुर्मुले भन्नुभयो कि भारत केवल आर्थिक प्रगतितर्फ मात्र होइन, विश्वस्तरमै उल्लेखनीय उन्नति गरिरहेको छ। नयाँ दिल्लीस्थित फुटवियर डिजाइन तथा विकास संस्थान (एफडिडिआइ) को दीक्षान्त समारोहलाई सम्बोधन गर्दै उहाले यो टिप्पणी गर्नुभएको हो। उहाका अनुसार फुटवियर उद्योगले वित्तीय वर्ष 2024–25 मा 22 अर्ब 34 करोड रुपैयाँभन्दा बढीको निर्यात गर्दै भारतीय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पु-याइरहेको छ।

राष्ट्रपति मुर्मुले देशको निर्यात वृद्धिका लागि फुटवियर उद्योगको विस्तार अपरिहार्य रहेको बताउनु भयो।यस क्षेत्रको विकासले विद्यार्थीहरूलाई उद्यमशीलता अपनाउन र रोजगार सृजना गर्न ठूलो अवसर दिने उहाले उल्लेख गर्नुभयो। परम्परागत छालाका जुत्ता उत्पादनमा भारतको अग्रस्थान रहेको बताउँदै उहाले खेलकुद तथा गैर-छालाका जुत्ता उद्योगमा रहेको अपार सम्भावनातर्फ ध्यानाकर्षण गराउनु भयो। एफडिडिआइले 40 वर्ष पूरा गरेको अवसरमा राष्ट्रपति मुर्मुले संस्थानको प्रशंसा पनि गर्नुभयो । स्नातकहरूलाई बधाई दिँदै उहाले दक्ष र प्रतिबद्ध युवाहरूले 'विकसित भारत 2047' को सपना साकार पार्ने विश्वास व्यक्त गर्नुभयो। उहाले थप भन्नुभयो....

संसदको शीतकालीन अधिवेशनको

संसदको शीतकालीन अधिवेशनको पहिलो दिन भाजपाका राज्यसभा सांसद दिनेश शर्माले आकाशवाणी समाचारसँग विशेष कुराकानी गर्दै भन्नुभयो कि आफ्नो निर्वाचन क्षेत्रका मुद्दा उठाउन चाहने सांसदहरूलाई प्रश्न सोध्ने पूरा अवसर दिइनेछ। उहाले सरकार सबै महत्त्वपूर्ण विषयमा विस्तृत छलफलका लागि तयार रहेको बताउनु भयो। जसपा (युनाइटेड) का राज्यसभा सांसद संजय झाले भन्नुभयो कि विपक्षी दलले अघिल्लो अधिवेशनजस्तै यसपटक पनि एसआईआर मुद्दालाई लिएर सदनमा समस्या सिर्जना गर्ने प्रयास गरिरहेको छ। उहाका अनुसार, विपक्ष जनताका वास्तविक सरोकारबाट टाढा छन् र केवल विवादमा केन्द्रित छन्।

शिक्षा राज्य मन्त्री सुकान्त मजुमदारले संसद कुनै नाटक प्रदर्शन गर्ने स्थल नभएको स्पष्ट गर्दै 'इन्डिया' गठबन्धनसँग न स्पष्ट दृष्टि छ न परिणाममुखी योजना रहेको टिप्पणी गर्नुभयो।

वक्फ–संशोधन ऐन–2025

सर्वोच्च न्यायालयले आज वक्फ–संशोधन ऐन–2025 अनुसार वक्फ सम्पत्तिको दर्ताका लागि तोकिएको 'छ महिनाको समयसीमा' बढाउन माग गर्दै दायर गरिएका याचिकामाथि विचार गर्न अस्वीकार गरेको छ। न्यायमूर्ति दीपांकर दत्ता र न्यायमूर्ति अगस्टिन जर्ज मसीहको

इजलासले याचिकाकर्ताहरूका लागि आवश्यक परे वक्फ न्यायाधिकरण-मार्फत राहत माग्ने वैधानिक व्यवस्था उपलब्ध रहेको स्पष्ट पार्नुभयो।

ऐनको प्रावधानअनुसार आवेदकले वक्फ न्यायाधिकरणमा निवेदन दर्ता गरी समय थप वा अन्य प्रकारको राहत माग्न सक्छनेछन्।

याचिकाकर्ताहरूले तर्क गरेका थिए कि 'उम्मीद' पोर्टलमा वक्फ सम्पत्तिको दर्ता वा डिजिटलीकरणको प्रक्रियामा देखापरेका कठिनाइहरू समाधान नहुँदै 6 डिसेम्बरसम्मको समयसीमा समाप्त हुन सक्छ। तर सर्वोच्च अदालतले भनेको छ कि यदि कुनै आवेदकलाई पोर्टलमा दर्ता गर्न वास्तविक समस्या आएको छ भने याचिकाकर्ताले न्यायाधिकरणसँग समयसीमा बढाउने माग गर्न सक्ने छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

दिल्लीको आईजीआई विमानस्थल 'वाटर–पोजिटिभ' दर्जा पाउने देशको पहिलो एयरपोर्ट

दिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थल (आईजीआईए) वातावरण–मैत्री पहलका कारण 'वाटर–पोजिटिभ' दर्जा प्राप्त गर्ने देशको पहिलो विमानस्थल बनेको छ। यो विमानस्थलको वार्षिक यात्रु क्षमता चार करोडभन्दा बढी रहेको छ। आईजीआईएका प्रमुख कार्यकारी अधिकारी विदेह कुमार जयपुरियारका अनुसार 'वाटर–पोजिटिभ' बन्नु प्राकृतिक स्रोतहरूको जिम्मेवार उपयोग, प्रभावकारी वातावरण व्यवस्थापन र भविष्यमुखी विमानन पूर्वाधारप्रतिको गहिरो प्रतिबद्धताको प्रतीक हो।

उहाले भन्नुभयो कि यो उपलब्धि आईजीआई विमानस्थललाई दीर्घकालीन रूपमा 'शून्य उत्सर्जन' विमानस्थलको लक्ष्यतर्फ अग्रसर गराउने महत्वपूर्ण कदम हो। श्री जयपुरियारले थप

भन्नुभयो कि वाटर–पोजिटिभिटीले न केवल प्राकृतिक स्रोतप्रतिको निर्भरता घटाउँछ, तर वातावरणीय वहनक्षमता पनि मजबुत बनाउँछ।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- संसदको शीतकालीन सत्र आजदेखि सुरु; यस सत्रमा 19 दिनको अवधिमा जम्मा 15 बैठकहरू सञ्चालन हुने
- एसआईआर लगायतका मुद्दामा विपक्षी दलको हंगामापछि आज लोकसभाको कार्यवाही दिनभरका लागि स्थगित
- भारत आर्थिक र वैश्विक दुवै क्षेत्रमा तीव्र गतिमा अघि बढ्दै गई रहेको राष्ट्रपतिको भनाई
- दिल्लीको आईजीआई विमानस्थल 'वाटर–पोजिटिभ' दर्जा पाउने देशको पहिलो एयरपोर्ट